द्वारिकलाल चौधरी
प्रमुख
इटहरी उपमहानगरपालिका

Dwarik Lal Chaudhary
Mayor

# प्रेस विज्ञप्ती

आदरणीय आमा, दिदी, वहिनीहरु,

इटहरी उपमहानगरपालिका इटहरीका वेथिति, कुरीति तथा भ्रष्टाचार विरुद्ध लडिरहेको छ । शान्त, समृद्ध तथा मर्यादित इटहरी निर्माण गर्नका लागि यो जरुरी देखिएको छ । समाजलाई अपाच्य हुने यौनजन्य गतिविधिहरुलाई नियन्त्रण गर्नु अहिले एक प्रमुख चुनौती हो । इटहरीमा मौलाउदो यौनधन्दालाई नरोकी समुन्नत इटहरी निर्माणको परिकल्पना अधुरो रहन्छ ।

यसै सन्दर्भमा छलफल गर्न इटहरी १६ र १७ का नागरिक समाजले असार ४ गते सामाजिक विकृति विरुद्धको अभियान कार्यक्रम आयोजना गरेका थिए । महिला दिदी वहिनी प्रति मेरो भावना र आशय गलत थिएन, छैन र रहने पनि छैन । म सदैव महिला दिदी वहिनी प्रति सम्मान गर्न चाहन्छु । तथापी सो कार्यक्रममा मैले वोलेका केहि शब्दहरुले देश विदेशमा रहेका तमाम नेपाली आमा दिदी वहिनीको भावनामा चोट पर्न गएकोमा दुःख ब्यक्त गर्दै क्षमा याचना गर्दछु ।

इटहरीको समृद्धि र विकास महिला दिदी वहिनीहरुको समेत साथ सहयोग विना सम्भव छैन । त्यसका लागि अहिलेसम्म यहाँहरुले खेल्नुभएको भूमिका प्रति आभार प्रकट गर्दै अवाञ्छित यौनजन्य गतिविधिको अन्त्य गरी इटहरीको विकास र समृद्धिमा यहाँहरुको महत्वपूर्ण साथ सहयोगका लागि हार्दिक आब्हान गर्दछु ।

मिति - २०७६/०३/०६

.......................
द्वारिकलाल चौधरी
प्रमुख

द्वारिकलाल चौधरी
नगर प्रमुख